नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org.np
वेब: www.nepalbar.org.np

प.सं.

मितिः २०७८ फागुन १ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोख्रेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशनले गत कार्तिक महिनादेखि न्यायपालिकाको समग्र सुधार, शुद्धिकरण र सुदृढीकरणका लागि प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.को राजीनामा समेतको माग राखी निरन्तर आन्दोलनमा रहेको कुरा सबैमा अवगत नै छ । नेपाल बार एशोसिएशनले वर्षौंदेखि न्यायपालिका सुधारका लागि उठाउँदै आएका मागहरु मध्ये धेरै विषयहरुमा सर्वोच्च अदालतका माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिको प्रतिबेदनमा समावेश भएका र उक्त प्रतिवेदन कार्यान्वयन गराई न्यायपालिकाको विकृति, विसंगति, विचौलिया, भ्रष्टाचार नियन्त्रण गरि शुद्ध र स्वच्छ न्याय प्रदान गर्न गराउन प्रधान न्यायाधीश अनिच्छुक रहेको र न्यायपालिकामा प्रत्यक्ष हस्तक्षेप बढाई स्वंय्मले न्यायमा अवरोध सिर्जना गरेको समेतका विषयहरु र न्यायपालिकासँग सम्बन्धित कतिपय संवैधानिक व्यवस्थाहरुको संशोधन समेतको मागहरुका बारेमा आम सञ्चार माध्यम, नागरिक समाज, राजनीतिक दलहरु, सांसदज्यूहरु, सेवाग्राही समेतको ध्यानकर्षण गराई १०७ दिनसम्म भौतिक तथा भर्चुयल माध्यमबाट समेत शान्तिपूर्ण आन्दोलन कार्यक्रम गरि आएको थियो ।

प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर राणाले राजीनामा नदिई लामो समयसम्म न्यायपालिकालाई बन्धक जस्तो बनाई राखेको र राजनीतिक दलका नेताहरुले पनि लामो समयसम्म न्यायपालिकाको गतिरोध अन्त्य गर्न पहल नगरेको महसुस भई रहेको अवस्थामा आज प्रतिनिधि सभाका माननीय सांसदज्यूहरुको तर्फबाट प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.का विरुद्ध महाअभियोग प्रस्ताव दर्ता गरेको कार्यबाट नेबाएले उठाएको विषयप्रति जिम्मेवार भई सकारात्मक कदम चालिएको महसुस भएको छ । यस प्रक्रियामा संलग्न माननीय सांसदज्यूहरु तथा राजनीतिक दलहरुलाई हार्दिक धन्यबाद तथा आभार व्यक्त गर्दछौं । यो विषयलाई संविधान बमोजिम निश्कर्षमा पुऱ्याउन अझै पनि प्रतिनिधिसभाका सम्पूर्ण राजनीतिक दल तथा सांसदहरुको थप सकारात्मक पहलको आवश्यकता छ । अतः महाअभियोग प्रस्तावलाई पारित गराउन सकारात्मक पहल गर्न सम्पूर्ण राजनीतिक दल तथा माननीय सांसदज्यूहरुलाई हार्दिक आव्हान पनि गर्दछौं ।

१०७ दिनसम्मको लामो आन्दोलनमा प्रत्यक्ष, परोक्ष रुपमा सहभागी भएर नेबाएलाई साथ सहयोग र समर्थन गर्नु भएका सम्पूर्ण एकाईहरु, आवद्ध कानून व्यवसायी साथीहरु, सञ्चार माध्यम, पत्रकार, सेवाग्राही, नागरिक समाज लगायत सबैलाई हार्दिक धन्यबाद तथा आभार व्यक्त गर्दछौं । प्रधान न्यायाधीश विरुद्ध महाअभियोग दर्ता भएकै कारणले न्यायपालिकाको शुद्धिकरण र सुदृढीकरणका लागि हाल जारी हाम्रो अभियान स्थगन वा रोकिन सक्दैन । यो अभियान निरन्तर जारी रहन्छ । न्यायपालिकाको समग्र सुधारको अभियानलाई निरन्तरता दिँदै अझ थप क्रियाशील रहन सम्पूर्ण बार एकाईहरु र आवद्ध कानून व्यवसायीज्यूहरुलाई हार्दिक अनुरोध पनि गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव